नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७७/७८
चलानी नं.:- ४२६

मिति: २०७८/०१/१५

विषय:- वैदेशिक अध्ययन, तालिम, अध्ययन भ्रमणमा मनोनयन तथा विदा सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै प्रदेश)

निजामती सेवा (संघीय संसद सेवा र नेपाल स्वास्थ्य सेवा समेत) मा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक अध्ययन, तालिम तथा अध्ययन भ्रमणका लागि पूर्व स्वीकृति दिने, कर्मचारी मनोनयन तथा विदा स्वीकृत गर्ने लगायतका कार्यमा एकरुपता कायम गर्न र उक्त प्रक्रियालाई थप व्यवस्थित एवम् प्रभावकारी तुल्याउन तपसिल बमोजिम गर्न गराउन यस मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७८/०१/१३ को निर्णयानुसार अनुरोध छ ।

तपसिल:

१. निजामती सेवा ऐन, २०४९ को दफा ४०ख. को उपदफा (३) बमोजिमको समितिको बैठकबाट अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्बन्धी अवसर बाँडफाँट भएको निर्णयको व्यहोरा यस मन्त्रालयबाट जानकारी हुनासाथ योग्यता पुगेका इच्छुक सबै कर्मचारीको सूचनाको लागि उपयुक्त माध्यमबाट सम्प्रेषण गर्ने ।
२. राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिवको संयोजकत्वमा अन्य सबै सहसचिव रहेको समितिले **वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५** को दफा ३ मा उल्लेख भएका व्यवस्थाका आधारमा मनोनयनका लागि सिफारिश गर्ने र सोही बमोजिम निर्णय गर्ने व्यवस्था मिलाउने ।
३. निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (६) मा तीन वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि निजामती कर्मचारीले अध्ययन विदा नपाउने व्यवस्था रहेकोमा सो कानूनी व्यवस्थाको कडाईका साथ पालना गर्ने ।
४. मनोनयनको क्रममा समन्यायिक रुपमा अवसर उपलब्ध हुने कुरा सुनिश्चित गर्न निश्चित मापदण्डका आधारमा मनोनयन गर्ने तथा एकै व्यक्तिलाई पटक पटक अवसर उपलब्ध नगराउने ।
५. मनोनयनको लागि उपयुक्त कर्मचारी नभएको अवस्थामा सोको जानकारी यथाशिघ्र यस मन्त्रालयलाई गराउने।
६. मनोनयनको निर्णयको जानकारी तीन दिनभित्र यस मन्त्रालय र राष्ट्रिय किताबखानामा पठाउने ।
७. अध्ययन विदा लिएको कर्मचारीले निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (३क) बमोजिम प्रत्येक छ महिनामा आफूले सम्बन्धित संस्थामा अध्ययन गरिरहेको प्रमाण सहितको प्रगति विवरण

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः–
चलानी नं.:

पदाधिकार रहेको निकाय, सेवा, समूह वा उपसमूह संचालन गर्ने मन्त्रालय र निजामती किताबखानामा पठाउनु पर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने एवम् सोको अनुगमनको व्यवस्था मिलाउने ।

८. निजी प्रयास तथा सरकारी मनोनयनमा लामो अध्ययन, तालिम वा अध्ययन भ्रमणको लागि रा.प.प्रथम श्रेणी वा सो भन्दा माथिका कर्मचारीलाई मनोनयन गर्दा निजको कार्यजिम्मेवारी, पदसोपान श्रृङ्खला र कार्यरत निकायको कार्यसम्पादनमा पर्न सक्ने प्रभावलाई दृष्टिगत गर्ने ।

९. सम्बन्धित सेवा, समूहलाई उपयोगी र आवश्यक पर्ने विषय भए नभएको यकीन गरेर मात्र अध्ययनको लागि पूर्व स्वीकृति दिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने ।

१०. अध्ययन, तालिम तथा अध्ययन भ्रमणबाट फर्किएको कर्मचारीलाई कवुलियत अनुसारको अवधि सेवा नगरी थप अध्ययनका लागि पूर्व स्वीकृति तथा विदा नदिने ।

११. अध्ययन पश्चात फर्किएका कर्मचारीलाई निजहरुले अध्ययन गरेको विषय मिल्ने गरि जिम्मेवारी तोक्ने व्यवस्था मिलाउने ।

१२. स्पष्ट आधार र कारण भएको अवस्थामा मात्र असाधारण विदा स्वीकृत गर्ने ।

१३. मनोनयन भएका कर्मचारीको नामनामेसी समेतको विवरण वढीमा ७ (सात) दिन भित्र वेवसाइटमा राख्ने एवम् सोको एकमुष्ट विवरण प्रत्येक ४ (चार) महिनामा यस मन्त्रालयमा पठाउने ।

१४. नियमानुसार स्वीकृति नलिई वा विदा स्वीकृत नगराई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने, समयमै नफर्किने तथा हाजिर नहुने र कवुलियतनामा बमोजिमको अवधि सेवा नगर्ने कर्मचारीको विवरण अद्यावधिक गरी अविलम्ब वेवसाइटमा सार्वजनिक गर्ने, प्रचलित कानून अनुसार कारवाही प्रकृया अगाडी बढाउने र यस मन्त्रालयलाई सोको जानकारी दिने ।

..........................
(मदन कोइराला)
उपसचिव

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा; वेबसाइटमा अपलोड गरिदिनु हुन ।